(ख) दूध उत्पादनबाट आय आर्जन बढाउन इच्छुक कृषकहरु ।

(३) उपदफा (२) बमोजिम गठित कृषक समूह सम्बन्धित गाँउपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ साथै सम्भव भए सम्म समुहमा ६५ प्रतिशत महिला सदस्यको सहभागी गराईनेछ।

(४) कृषक समूहलाई समूह परिचालन तथा आयोजना बारे अभिमुखिकरणका साथै अनिवार्य रुपमा समूहको नाममा बैंक खाता खोल्न पर्नेछ ।

६. **समुहको माग सङ्कलन:** (१) आयोजना क्लष्टर इकाईले दफा ५ बमोजिम गठित कृषक समुहहरुको निम्न लिखित विवरणहरु संलग्न गरी समुहको माग सङ्कलन गर्नु पर्नेछ ।

(क) पशुपालन सम्बन्धी र आवश्यक स्थलगत तालिमको विवरण

(ख) पशु उपचार तथा खोप सम्बन्धी विवरण

(ग) उपयुक्त घाँसको बीउ, बेर्ना सम्बन्धी विवरण

(घ) उत्पादित दूधको उपयोग तथा बिक्री योजना

(ङ) आवश्यक अन्य विविध विवरण

७. **घाँसको बीउ, बेर्ना र सेट्स वितरण:** (१) दफा ६ बमोजिम समुहको मागमा आधारित घाँसको बीउ, बेर्ना र सेट्सहरु लगाउनका लागि प्रति समूह पहिलो र दोश्रो वर्षमा २५/२५ रोपनी (प्रति वर्ष ३७.५ कठ्ठा) जग्गामा आवश्यक बीउ, बेर्नाहरु र सेट्सहरु अनुदानमा उपलब्ध गराईनेछ ।

८. **खोप र औषधीको व्यवस्था:** (१) पशु रोग उपचार, परजिवि नियन्त्रण एवं रोग रोकथामका लागि खोप कार्यक्रम, आवश्यक औषधी र थुनेलो रोग नियन्त्रणका लागि टिट डिपिङ्ग प्रविधि अवलम्बन कार्यक्रम दुबै वर्ष सञ्चालन गरिनेछ ।

९. **तालिम सञ्चालन:** (१) कृषक समूहमा दफा ६ बमोजिम माग अनुसारको विषयमा गाईभैसी पालन सम्बन्धी ३ दिने तालिम दुबै वर्ष सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने तालिममा स्वच्छ दूध उत्पादन, असल पशुपालन व्यवस्थापन, पशु स्वास्थ्य संरक्षण, जैविक सुरक्षा, नश्ल सुधार र पशु आहार व्यवस्थापन आदि सम्बन्धी तालिम विषयहरुलाई प्राथमिकता दिईनेछ ।

(३) दफा ६ बमोजिम समूहको माग तथा समस्यामा आधारित विषयमा १ दिवसीय स्थलगत अभिमुखिकरण/तालिम पहिलो वर्ष १ र दोश्रो वर्ष २ वटा गरी कूल ३ वटा सञ्चालन गरिनेछ।

सचिव

